17 June 2024

National News

mुख्य समाचार

- पश्चिम बङ्गाल रेल दुर्घटनामा 8 जनाको मृत्यु, पचास जना घाइते
- प्रधानमन्त्रीले भोलि पीएम-किसान अन्तर्गत 20 हजार करोड भन्दा धेरैको 17 औं किस्ती जारी गर्नुहुने
- गृहमन्त्रीले गर्नुभयो मणिपुरको सुरक्षा वयवस्थाको समीक्षा
- सिक्किमका भल पैह्रो प्रभावित क्षेत्रबाट पर्यटकहरूलाई निकाल्ने काम जारी
- टी–ट्वान्टी विश्वकपमा आज श्रीलंका र बंगलादेशले आ-आफ्नो म्याच जिते

बंगाल-रेलमार्ग-दुर्घटना-शब्दहरू

पश्चिम बङ्गालमा सियालदह जाँदै गरेको कञ्चनजङ्घा एक्सप्रेस मालगाडीसँग ठोक्किँदा आठ जनाको मृत्यु भएको छ भने 50 जना घाइते भएका छन् । यो दुर्घटना आज बिहान न्यू जलपाईगुडी रेलवे स्टेशन नजिकै रंगापानीमा भएको हो।

रेलवे बोर्डकी अध्यक्ष श्रीमती जया वर्माले पश्चिम बंगाल रेल दुर्घटनाको उद्धार कार्य पूरा भएको बताउनु भएको छ। दुर्घटनामा तीन रेल कर्मचारीसहित आठ जनाको मृत्यु भएको छ। सिग्नल बेवास्ता गर्ने मालगाडीका चालक र सहचालक अनि कञ्चनजङ्घा एक्सप्रेसका गार्डको मृत्यु भएको छ । घाइतेहरुलाई उत्तर बङ्गाल मेडिकल कलेजमा भर्ना गरिएको छ । अगरतला-सियालदह मार्गका सबै रेलवे स्टेशनहरूमा हेल्प डेस्कहरू स्थापना गरिएका छन्।

श्रीमती जया वर्माले भन्नुभयो, प्रारम्भिक अनुसन्धानमा मालगाडीका चालकले सिग्नललाई बेवास्ता गरेको पाइएको छ। बिहान ८.५५ बजे दुर्घटना भएलगत्तै उद्धार कार्य सुरु गरिएको उहाँले जनाउनु भयो।

दुर्घटनाका कारण यस क्षेत्रमा रेल परिचालन प्रभावित भएको छ।

यसैबीच, रेलमन्त्री श्री अश्विनी वैष्णवले दुर्घटनास्थलको निरीक्षण गर्नुभयो। रेलमन्त्रीले  प्रत्येक मृतकका परिवारलाई 10-10 लाख रुपियाँ, गम्भीर रुपमा घाइते हुनेहरूलाई अढाई अढाई लाख रुपियाँ अनि सामान्य घाइतेहरूलाई 50-50 हजार रुपियाँ अनुग्रह राशि दिने घोषणा गर्नुभएको छ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू, उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पश्चिम बंगालमा भएको रेल दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। श्री मोदीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट प्रत्येक मृतकका परिवारलाई २ लाख रुपियाँ अनि घाइतेहरूलाई 50-50 हजार रुपियाँ अनुग्रह राशि दिने घोषणा गर्नुभएको छ।

प्रधानमन्त्री उत्तर प्रदेश-बिहार

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उत्तर प्रदेशको वाराणसीमा भोलि प्रधानमन्त्री किसान सम्मान निधि - पीएम-किसान अन्तर्गत 20 हजार करोड भन्दा धेरैको 17 औं किस्ती जारी गर्नुहुनेछ। किस्तीको रकम नौ करोड २६ लाख रुपियाँ लाभार्थी किसानहरूको खातामा सिधै पठाइनेछ। यस योजना अन्तर्गत अहिलेसम्म ११ करोडभन्दा बढी किसान परिवारले ३ लाख करोड रुपियाँभन्दा धेरैको लाभ पाएका छन्।

कार्यक्रममा प्रधानमन्त्रीले स्वयम्सहायता समूहका ३० हजारभन्दा धेरै महिलालाई कृषि सखीको प्रमाणपत्र पनि प्रदान गर्नुहुनेछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि र पर्सी उत्तर प्रदेश र बिहारको भ्रमणमा रहनु हुनेछ। उहाँले भोलि साँझ वाराणसीको घाटमा गंगा आरती हेर्ने र काशी विश्वनाथ मन्दिरको पनि दर्शन गर्ने कार्यक्रम छ।

१९ तारिक बिहान प्रधानमन्त्रीले नालन्दाका अवशेषहरूको भ्रमण गर्नुहुनेछ। त्यसपछि उहाँले बिहारको राजगीरमा रहेको नालन्दा विश्वविद्यालयको क्याम्पसको उद्घाटन गर्नु हुनेछ। यस अवसरमा उहाँले जनतालाई सम्बोधन पनि गर्नु हुनेछ।
नालंदा विश्वविद्यालय भारत र पूर्वी एशिया शिखर सम्मेलन देशहरू बीच संयुक्त सहयोगको रूपमा परिकल्पना गरिएको छ। विश्वविद्यालय क्याम्पसको उद्घाटन समारोहमा १७ देशका मिसन प्रमुखसहित धेरै प्रतिष्ठित व्यक्तित्वको सहभागिता रहनेछ । लगभग 1 हजार 600 वर्ष पहिले स्थापना भएको नालन्दा विश्वविद्यालय विश्वको पहिलो आवासीय विश्वविद्यालयको रूपमा परिचित छ। नालन्दाका अवशेषहरूलाई सन् २०१६ मा संयुक्त राष्ट्रसङ्घले विश्व धरोहर स्थलका रूपमा  घोषणा गरेको थियो।

## शाह–मणिपुर बैठक

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज नयाँ दिल्लीमा मणिपुरको सुरक्षा व्यवस्थाको समीक्षा गर्न उच्चस्तरीय बैठकको अध्यक्षता गर्नु भयो। यस बैठकमा केन्द्रीय गृह सचिव श्री अजय भल्ला, गुप्तचर विभागका अध्यक्ष श्री तपन डेका, सेनाका जेनरल श्री मनोज पाण्डे, मणिपुरका पुलिस महानिर्देशक श्री राजीव सिंह र अन्य धेरै वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। श्री अमित शाहले हिजो जम्मू कश्मीरको सुरक्षा व्यवस्था र अमरनाथ यात्राको तयारीका बारेमा उच्चस्तरीय बैठक गर्नुभएको थियो।

## सिक्किम-बाढी: पहिरो

सिक्किमको भल पैह्रो प्रभावित मङ्गन जिल्लाको चुङ्थाङमा फसेका पर्यटकहरूलाई निकाल्ने काम आज फेरि सुरु भयो। मङ्गन जिल्लाका जिल्लापाल श्री हेमकुमार छेत्रीले आकाशवाणीलाई बताए अनुसार फसेका पर्यटकहरूलाई प्रभावित क्षेत्रबाट राजधानी गान्तोक सार्ने काम भइरहेको छ। खराब मौसमका कारण पर्यटकलाई एयरलिफ्ट गर्न नसकिएको उहाँले जनाउनु भयो।
मङ्गन जिल्लाको लाचुङ र चुङ्थाङमा अलपत्र परेका लगभग दुई हजार पर्यटकको विगत दुई दिनदेखि उद्धारको प्रयास भइरहेको छ ।
यसैबीच अविरल वर्षा र पहिरोमा परी राज्यमा अहिलेसम्ममा नौ जनाको मृत्यु भइसकेको छ। अविरल वर्षाका कारण राज्यका धेरै प्रमुख सडकमा क्षति पुगेको छ । सीमा सडक संगठनले जतिसक्दो चाँडो प्रभावित क्षेत्रमा सडक सम्पर्क सुचारु गर्ने पहल गरिरहेको छ ।

## झारखण्ड - भिडन्त

झारखण्डको पश्चिम सिंहभूम जिल्लामा सुरक्षा बलसँगको भिडन्तमा चार माओवादी मध्ये एक जना जोनल कमाण्डर मारिएका छन्। यो सुनियोजित आक्रमण भएको पुलिसले जनाएको छ । मारिएका नक्सलीबाट हातहतियार र गोलीबारुद प्राप्त भएको छ । पश्चिम सिंहभूम जिल्लाको टोन्टो र गोइलकेरा पुलिस चौकी अन्तर्गतका वन क्षेत्रमा खोजी अभियानका क्रममा आज बिहान उक्त भिडन्त भएको हो। पुलिसले दुई माओवादीलाई पक्राउ गरिएको र थप माओवादीलाई पक्रन जंगल क्षेत्रमा खोजी अभियान जारी रहेको बताएको छ।

## जम्मू-कश्मीर-आतंकवादी

अर्कोतिर, जम्मू-कश्मीरको बान्दीपोरा जिल्लाको अरगाममा आज सुरक्षा बलसँगको भिडन्तमा एक जना आतंकवादी मारिए। पुलिस अनुसार क्षेत्रमा आतंककारीहरूको उपस्थिति बारेमा गुप्त सूचनाको आधारमा सेना, केन्द्रीय रिजर्भ पुलिस बल र जम्मू कश्मीर पुलिसले अरगाममा संयुक्त अभियान सञ्चालन गरेका थिए।

## भारत-अमरीका-आईसीईटी

अमेरिकाका राष्ट्रीय सुरक्षा सलाहकार श्री जेक सुलिवनले आज नयाँ दिल्लीमा विदेश मन्त्री डा. एस जयशंकर अनि राष्ट्रीय सुरक्षा सलाहकार श्री अजीत डोभालसित महत्त्वपूर्ण अनि उदीयमान प्रौद्योगिकीमाथि अमेरिका-भारत पहलको दोस्रो वार्षिक बैठकमा सहभागिता जनाउनु भयो। बैठक पछि डा. जयशंकरले भन्नुभयो, दुवै पक्षबीच द्विपक्षीय, क्षेत्रीय अनि वैश्विक मुद्दामा व्यापक चर्चा भयो।

## ईद उल अजहा

बलिदानको पर्व इद उल अजहा आज देशका विभिन्न भागमा हर्षोल्लासका साथ पालन गरियो। आज बिहान इदगाह र मस्जिदहरूमा मानिसहरूले इदको नमाज पढेर एका अर्कालाई शुभकामना दिएका छन् । यस अवसरमा इमामहरूले शान्ति र सद्भाव कायम गर्न र भाइचाराको भावनाले चाड मनाउन अपील गरे । ईद-उल-अजहा पर्व हजरत इब्राहिमले ईश्वरको आज्ञा पालन गर्दै आफ्नो एकमात्र छोराको बलिदान गर्न इच्छुक भएको सम्झनामा मनाइन्छ।

## टी–ट्वान्टी विश्वकप

टी–ट्वान्टी विश्वकप क्रिकेटमा आज न्युजिल्याण्ड र पपुवा न्यु गिनीको भिडन्त हुँदैछ। यो खेल त्रिनिदादमा भारतीय समय अनुसार अहिले ८ बजी सुरु हुनेछ ।

सेन्ट लुसियामा आज भएको खेलमा श्रीलंकाले नेदरल्याण्ड्सलाई ८३ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ। दुई सय दुई रनको लक्ष्यको उत्तरमा नेदरल्याण्ड्सको टीमले १६ ओभर र चार बलमा एक सय १८ रन मात्र बनाउन सक्यो ।

सेन्ट भिन्सेन्टमा भएको अर्को खेलमा बंगलादेशले नेपाललाई २१ रनले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको बंगलादेशले १९ ओभर र तीन बलमा १०६ रन मात्र जोडेको थियो । जसको उत्तरमा नेपालको टीम १९ ओभर र दुई बलमा ८५ रनमा सिमित भयो । यो जितसँगै बंगलादेश सुपर 8 मा पुगेको छ ।